श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा (छैठौं संशोधन) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐनको दफा ३,४ र ५–२०४४ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अन्य दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ को दफा २ मा संशोधनः राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन्:–

"(ख१) "सभापति" भन्नाले समितिको सभापति सम्झनुपर्छ ।

(ख२) "उपसभापति" भन्नाले समितिको उपसभापति सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को उपदफा (१), उपदफा (३) र उपदफा (४) मा रहेका "पचास रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को उपदफा (४) मा रहेका "एक हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनमा दफा ११क. थपः मूल ऐनको दफा ११ पछि देहायको दफा ११क. थपिएको छः–

"११क. थप सुविधाः दफा ११ को उपदफा (२) बमोजिम सदस्यलाई दिइएको सुविधामा मासिक "एक सय रूपैयाँ" थप सुविधा दिइनेछ ।"

६. मूल ऐनको दफा १९ मा संशोधनः मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः–

"१९. सभापतिको पारिश्रमिक तथा अन्य सुविधाः (१) सभापतिलाई प्रतिमास रू. ४,३१५।– पारिश्रमिक दिइनेछ ।

(२) सभापतिले आफ्नो कार्यकाल भरको निमित्त एक जना राजपत्रांकित तृतीय श्रेणी सरहको स्वकीय सचिव नियुक्ति गर्न पाउनेछ ।"

७. मूल ऐनमा दफा २० र २१ थपः मूल ऐनको दफा १९ पछि देहायका दफा २० र २१ थपिएका छन्:–

"२०. उपसभापतिको पारिश्रमिकः (१) उपसभापतिलाई प्रतिमास रू.३,८१५।– पारिश्रमिक दिइनेछ ।

(२) उपसभापतिले सभापतिको पद रिक्त भएको अवस्थामा सभापति भई काम गरेको अवधिको हकमा सभापतिले पाए सरहको पारिश्रमिक र सुविधा पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. भत्ताः (१) राष्ट्रिय पञ्चायतको सदस्य पदमा निर्वाचित वा मनोनीत भई नेपालको संविधानबमोजिमको पदावधि पूरा गरेको व्यक्तिलाई निजको जीवनभर र निजको शेषपछि निजको पति वा पत्नीलाई सात वर्षसम्म देहायबमोजिम भत्ता दिइनेछः–

(क) एक पदावधि पूरा गरेकालाई मासिक रू. १०००।–

(ख) दुई पदावधि पूरा गरेकालाई मासिक रू. १५००।–

(ग) तीन पदावधि पूरा गरेकालाई मासिक रू. २०००।–

(घ) चार पदावधि पूरा गरेकालाई मासिक रू. २५००।–

(ङ) पाँच वा सोभन्दा बढी पदावधि पूरा गरेकालाई मासिक रू. ३०००।–

स्पष्टीकरणः– यस दफाको प्रयोजनको लागि "पदावधि पूरा गरेको" भन्नाले कुनै सदस्यले राष्ट्रिय पञ्चायतमा निर्वाचित वा मनोनीत भई जतिसुकै अवधि पूरा गरे पनि पदावधि पूरा गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको भत्ता देहायको अवस्थामा दिइनेछैनः–

(क) उपदफा (१) बमोजिम भत्ता पाउने व्यक्ति पुनः राष्ट्रिय पञ्चायतको सदस्य पदमा निर्वाचित वा मनोनीत भएमा सो पदावधिसम्म ।

(ख) नेपालको संविधानको धारा ३८ को उपधारा (२) बमोजिम निष्काशित भएकोमा ।

(ग) संविधान तथा पञ्चायत व्यवस्थाप्रति आस्था नराखेको भन्ने प्रस्ताव पञ्चायत नीति तथा जाँचबुझ समितिबाट पारित भएकोमा ।

तर त्यस्तो प्रस्ताव पारित गर्नुअघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेश गर्न मनासिब मौकाबाट बञ्चित गरिनेछैन ।

(३) उपदफा (१) बमोजिम भत्ता पाउने व्यक्तिले प्रचलित नेपाल कानूनबमोजिम पनि कुनै भत्ता पाउने रहेछभने निजले दोहोरो भत्ता पाउनेछैन । निजले दुईमध्ये कुनै एक भत्ता रोज्न पाउनेछ ।

(४) उपदफा (१) बमोजिम भत्ता पाउने व्यक्ति मासिक पारिश्रमिक वा भत्ता पाउने कुनै सार्वजनिक पदमा निर्वाचित, मनोनीत



438

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा नियुक्त भएमा निजले सो पदमा कायम रहेसम्म यो ऐनबमोजिम पाउने भत्ता पाउनेछैन ।

तर निजले पाउने मासिक पारिश्रमिक वा भत्ता यस ऐनबमोजिम पाउने भत्ता रकमभन्दा कम भएमा कम भए जति रकम यस ऐनबमोजिम पाउने भत्ता रकमबाट लिन पाउनेछ ।

(५) यस दफाबमोजिम पाउने भत्ताको प्रयोजनको निमित्त पदावधि पूरा गरेको पटकको गणना गर्दा लगातार राष्ट्रिय पञ्चायत सदस्य भएको हुनु आवश्यक पर्नेछैन ।

(६) यस दफाबमोजिम पाउने भत्ताको वितरण राष्ट्रिय पञ्चायत सचिवालयले गर्नेछ ।"

लालमोहर सदर मितिः– २०४५।६।२६।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि बिविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरबिजयिनाम् ।



४६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।